# स्थानीय तह निर्वाचनका लागि मनोनयन दर्ता शान्तिपूर्ण

स्थानीय तह निर्वाचनका लागि वैशाख ११ र १२ गते देशभर उम्मेदवारको मनोनयन दर्ता शान्तिपूर्णरूपमा सम्पन्न भएको छ । पहिलो दिन न्यून उम्मेदवारी परेकामा दोस्रो दिन उम्मेदवारी मनोनयन गर्नेको भीड लागेको इन्सेक जिल्ला प्रतिनिधिहरू तथा इन्सेकका प्रदेश कार्यालयहरूले जनाएका छन् । निर्वाचन आयोगले देशैभर एकै चरणमा निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक गरेसँगै यसको तयारी पनि तीव्र बनाएको छ ।

निर्वाचन आयोगले आफ्नो वेभसाइटमा सार्वजनिक गरेको उम्मेदवारको सङ्ख्या निम्नानुसार छ ।

**उम्मेदवार मनोनयनको दलगत अवस्था**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,८९४ | २०९ | २,१०३ |
| अध्यक्ष | २,२०३ | १५२ | २,३५५ |
| उपप्रमुख | ३४३ | १,४१७ | १,७६० |
| उपाध्यक्ष | ३८८ | १,६४९ | २,०३७ |
| वडा अध्यक्ष | २८,५५२ | ८२० | २९,३७२ |
| महिला सदस्य | - | २५,६८९ | २५,६८९ |
| दलित महिला सदस्य | - | २३,३७० | २३,३७० |
| सदस्य | ५०,६०२ | २,४५७ | ५३,०५९ |

**स्वतन्त्र उम्मेदवारको मनोनयन अवस्था**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| प्रमुख | १,३३४ | ५७ | १,३९१ |
| अध्यक्ष | ९८६ | ४६ | १,०३२ |
| उपप्रमुख | २६४ | १३२ | ३९६ |
| उपाध्यक्ष | २२५ | १३९ | ३६४ |
| वडा अध्यक्ष | ५,६६३ | २३० | ५,८८३ |
| महिला सदस्य | - | ७५९ | ७५९ |
| दलित महिला सदस्य | - | ४७३ | ४७३ |
| सदस्य | २३०६ | १०६ | २,४१२ |

*(आयोगको प्रणालीमा बुधबार साँझ ५ बजेसम्म प्रविष्ट भएको तथ्याङ्कमा आधारित)*

## आचारसंहिता उल्लङ्घन

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार र त्यसपछिका जिम्मेवार निकाय भनेका राजनीतिह दल नै हुन् । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन राजनीतिक दलबाटै हुँदै आएको छ । निर्वाचनको प्रचारप्रसारमा गर्न नहुने भनी रोक लगाइएका विष्यमा राजनीतिक दलहरूबाट उल्लङ्घन हुँदै आएको छ । यस्तो क्रम देशका अधिकांश जिल्लामा देखा परेको इन्सेक प्रतिनिधिले पठाउनु भएको विवरणमा उल्लेख छ ।



राजनीतिक दलहरूले जुलुसमा बालबालिकालाई सँगसँगै लिएर हिँडेका छन् । जुन आचारसंहिता विपरीतको कार्य हो । टिसर्टको प्रयोग गरेको पनि पाइएको छ । सामान्य विवाद र भनाभनका घटना पनि इन्सेकले अभिलेख गरेको छ । सिरहामा नेकपा एकीकृत समाजवादीका कार्यकर्ताले निर्वाचन कार्यालयमा ढुङ्गा प्रहार गर्दा कार्यालयका झ्यालका सिसा फुटेका छन् । जुम्लाको हिमा गाउँपालिकामा माओवादी कार्यकर्ताबिच टिकटको विषयमा झडप हुँदा एक जना घाइते भएका छन् । डोल्पाको छार्कातांङसोङ गाउँपालिकामा उम्मेदवारी दिन गएका माओवादी कार्यकर्तामाथि कुटपिट भएको छ । महोत्तरीको गौशालामा एमालेका मेयर पदका उम्मेदवारमाथि अर्का आकाङ्क्षीले हातपात गरेका छन् । गोरखाको गोरखा नगरपालिकामा टिकटका विषयलाई लिएर कांग्रेसका कार्यकर्ताले आफ्नै पार्टीको मेयरका उम्मेदवारलाई कुटपिट गरेका छन् । खोटाङमा पनि नेपाली कांग्रेसका उम्मेदवार आफ्नै कार्यकर्ताको कुटपिटमा परेका छन् । सिन्धुपाल्चोकमा माओवादी कार्यकर्ताले निर्वाचन अधिकृतको कार्यालय तोडफोड गरेका छन् । टिकट वितरणमा चित्त नबुझेपछि कास्कीमा कांग्रेस पदाधिकारीलाई कार्यकर्ताले बैठक कक्षभित्रै थुनिदिएका छन् ।

**निष्कर्ष**

निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने विभिन्न क्षेत्र, निकायमध्ये सबैभन्दा बढी जिम्मेवार सरकार हो । तर, आचारसंहिता जारी भएदेखि सबैभन्दा बढी आचारसंहिताको उल्लङ्घन सरकारबाटै हुँदै आएको छ । मनोनयन दर्ताका क्रममा राजनीतिक दलहरूबाट आचारसंहिता उल्लङ्घन भएका घटना उल्लेख्य रहेका छन् । आचारसंहिता पालनाका लागि सुरूमा कडा रूपमा प्रस्तुत भएको निर्वाचन आयोग उम्मेदवारी दर्ताका दिन भएका त्यस्ता घटनामा खासै बोलेको देखिएन । सुरूका दिनमा मिडियामा प्रकाशित समाचारका आधारमा भन्दै राजनीतिक दललाई पत्र काट्ने आयोगले जुलुसमा बालबालिकाको प्रयोगका बारेमा पत्र काटेको भन्ने समाचार सार्वजनिक भएका छैनन् । आचारसंहिता बाध्यकारी कानुन सरह नभएपनि सम्बन्धितको नैतिकता नाप्ने कसी भएको हुँदा आचारसंहिता पालनामा आआफैँ सचेत र जागरूक हुनुपर्छ ।

०७९ वैशाख १४ गते

इन्सेक insec

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org